संघीय संसद

राष्ट्रिय सभा

बाह्रौं अधिवेशन

बैठक - ३५

सूचनापत्र -२

(बैठकको कारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : ११:०० बजे*
*बैठक अन्त्य : १:२३ बजे*

२०७९ असार २८, मङ्गलबार (पहिलो)

---

संघीय संसद, राष्ट्रिय सभाको बाह्रौं अधिवेशनको **पैंतिसौं बैठक** सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा **बिहान ११:००** बजे प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले **"शून्य समय"** मा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउनुहुँदै देहाय बमोजिमका माननीय सदस्यहरूलाई बोल्नका लागि समय उपलब्ध गराउनुभयो:

**माननीय अनिता देवकोटा**ले संविधानको भावना अनुसार संघीयताको अभ्यास नभएको सम्बन्धमा सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**माननीय इन्दु कडरिया**ले गत वर्ष जयन्त सिंह धामी तुइनबाट खसेर मृत्यु भएको एक वर्ष पुग्दा समेत झोलुङ्गे पुल बनाउन सरकारले ध्यान नदिएको आरोप लगाउनुहुँदै झोलुङ्गे पुल निर्माण गरी तुइन विस्थापन गर्न सरकार समक्ष माग गर्नुभयो ।

**माननीय खिमलाल देवकोटा**ले ललितपुरको भैंसेपाटीको सडक निर्माणका लागि पटक पटक अनुरोध गर्दा पनि विगत ६ वर्ष देखि अलपत्र रहेको जनाकारी गराउनुहुँदै यथाशीघ्र उक्त सडक निर्माण सम्पन्न गर्न सम्बन्धित निकाय समक्ष माग गर्नुभयो ।

**माननीय दिल कुमारी रावल थापा पार्वती**ले त्रिभुवन विश्वविद्यालयमा स्नातक र स्नतकोत्तरमा अघिल्लो वर्षको प्रश्न दोहोरिएको जानकारी गराउनुहुँदै यस्तो लापरवाही कार्य रोक्न सम्बन्धित निकाय समक्ष माग गर्नुभयो ।

**माननीय नन्दा चपाई**ले प्रदेश सरकारको बजेट विनियोजन गर्दा प्रदेश प्रमुखको आमा बाबुको नाममा कोष स्थापना गर्ने लगायतका सरकारी कोषको चरम दुरुपयोग हुने गरी भएका यस्ता गतिविधि नियन्त्रण गर्न नेपाल सरकारलाई अनुरोध गर्नुभयो ।

**माननीय प्रकाश पन्थ**ले आदिकवी भानुभक्तको जन्मस्थल साहित्यिक पर्यटनको सम्भावना भएको क्षेत्र भएता पनि उपेक्षामा परेको शिकायत गर्नुहुँदै यसको प्रचार प्रसार तथा प्रवर्द्धन गर्न सरकार समक्ष माग गर्नुभयो ।

**माननीय सिंग बहादुर विश्वकर्मा**ले सिन्धुपाल्चोकको तातोपनी नाका नजिक कोदारी राजमार्ग अन्तर्गतको साँधी खोला माथिको पुल १ वर्षमा बनिसक्नु पर्नेमा २ वर्ष बितिसक्दा पनि निर्माणाधीन

अवस्थामा रहेकाले यसको यथाशीघ्र निर्माण सम्पन्न गर्न सरकार समक्ष माग गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले "शून्य समय" मा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुहुँदै **"विशेष समय"** मा बोल्नको लागि दलीय आधारमा प्राप्त नामावली अनुसार क्रमाशः देहाय बमोजिमका माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउनुभयोः

**माननीय दुर्गा गुरुङ**ले फोहोर व्यवस्थापनको सम्बन्धमा सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**माननीय देवेन्द्र दाहाल**ले विधायन व्यवस्थापनका सम्बन्धमा सांसदहरूको चासो नरहेको विषयमा सबै माननीय सदस्यहरूको ध्यानाकर्षण गराउनुहुँदै सदनमा विधेयक अड्किरहने अवस्था विद्यमान रहनु दुःखद रहेको जानकारी गराउनुभयो । उहाँले निर्माण भएका कानुनको कार्यान्वयन पक्ष अति फितलो रहेकोले यस्तो अवस्थाको अन्त्य गर्नु पर्ने माग गर्नुहुँदै मौलिक हक कार्यान्वयनमा सरकार र सांसदले विशेष पहल गर्नुपर्ने विषयको उजागर गर्नुभयो । साथै उहाँले सरकारले सांसदले सदनमा उठाएका प्रश्नहरूको जावफ दिनु पर्ने कानुनी प्रावधान रहेतापनि यसो हुन नसकेकोले यस विषयमा सरकारको विरुद्ध मुद्दा हाल्ने चेतावनी समेत दिनुभयो ।

**माननीय बामदेव गौतम**ले संविधानको धारा ९१ मा प्रतिनिधि सभाको सभामुख र उपसभामुख तथा धारा ९२ राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्षको व्यवस्था कार्यान्वयन नभएको बारेमा सभा तथा सरकारको ध्यानाकर्षण गराउहुँदै संसदीय समितिहरू सभापतिबहिन अवस्थामा रहेकाले रिक्त पदको परिपुर्तिको माग गर्नुभयो ।

**माननीय विना पोखरेल**ले नेपालमा हालसम्म पनि छुवाछुत जस्तो जघन्य अपराध विद्यमान रहेको विषय उजागर गर्नुहुँदै यस सम्बन्धी कानुनी व्यवस्थाको कार्यान्वयन गरी यसको अन्त्य गर्न सरकार समक्ष माग गर्नुभयो ।

**माननीय राजेन्द्र लक्ष्मी गैरे**ले नेपालमा लैङ्गिक विभेद तथा हिंसाको चपेटामा महिलाहरू परेको र यसको कारण आत्महत्या जस्तो अप्रीय घटना घटेको सम्बन्धमा जानकारी गराउनुहुँदै यस्तो अवस्थाको अन्त्य गर्न सरकार समक्ष अपील गर्नुभयो ।

**माननीय तुल प्रसाद विश्वकर्मा**ले मुलुकमा महङ्गीले जनता आक्रान्त भएकाले सरकारले मूल्यवृद्धि नियन्त्रण गर्न सरकार समक्ष माग गर्नुहुँदै नेपालमा विकास बजेट आर्थिक वर्षको अन्त्यमा खर्च हुने प्रवृत्तिको निरन्तरता अन्त्यका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**माननीय डा. विमला राई पौड्याल**ले नेपालमा विश्व जनसङ्ख्या दिवस वर्षेनी मनाउने गरिएता पनि नेपालमा उपलब्ध जनसाङ्ख्यिक लाभको प्रयोग गर्नु पर्नेमा नेपालमा भएकालाई क्यारामबोर्ड खेलाएर र बाँकीलाई विदेश पठाएर सकेको आरोप लगाउनुहुँदै नेपालमा जनसङ्ख्या उपयोग योजना नभएको र स्वास्थ्य मन्त्रालय अन्तर्गत जनसङ्ख्या सम्बन्धी विषय राखेकोले यस विषय प्राथमिकतामा नपरेकोले जनङ्ख्या सम्बन्धी छुट्टै मन्त्रालय स्थापना गर्न माग गर्नुभयो ।

**माननीय जग प्रसाद शर्मा**ले वर्तमान सरकारलाई परमादेशी सरकारको रूपमा चित्रित गर्ने परिपाटी रहेको विषयमा असन्तुष्टी व्यक्त गर्नुहुँदै सरकारको औचित्य एकनाश रहेकाले यस्तो टिक्का

टिप्पणी नगर्न अनुरोध गर्नुभयो । उहाँले मुलुकमा रहेको आग्रह पूर्वाग्रहको अन्त्य माग गर्नुभयो।

**माननीय भगवती न्यौपाने**ले जनताले संघीयता प्रति नै वितृष्णा प्रकट गर्न थालेको सम्बन्धका सरकारको ध्यानाकर्षण गराउनुहुँदै दिवंगत माता पिताको नाममा पार्क निर्माणका निम्ति प्रदेश मुख्यमन्त्रीले सारकारी कोषबाट बजेट छुट्याएको सम्बन्धी छानविन गर्न सरकारको समक्ष माग गर्नुभयो ।

**माननीय जितेन्द्र नारायण देव**ले नेपालको अर्थतन्त्र श्रीलङ्कामूखि रहेको भनी जनतालाई भ्रमित बनाउने कार्य भएको जानकारी गराउनुहुँदै नेपाल त्यो बाटोमा नरहेको तर यस विषयबाट नेपालले शिक्षा लिएर सचेत भने हुनु पर्ने विषय उजागर गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले **“विशेष समय”** मा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले राष्ट्रिय सभाका सचिव श्री राजेन्द्र फुयाललाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त **“फौजदारी कसूर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐन संशोधन गर्ने विधेयक, २०७९”, “सामाजिक सुरक्षा (पहिलो संशोधन) विधेयक, २०७९”, “नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) विधेयक, २०७९”, “खानेपानी तथा सरसफाइ विधेयक, २०७६”** र **“यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९** लाई सभा समक्ष टेबुल गर्न समय उपलब्ध गराउनुभएपछि राष्ट्रिय सभाका सचिव श्री राजेन्द्र फुयालले उक्त विधेयकहरू टेबुल गर्नुभयो ।

त्यस लगत्तै सम्माननीय अध्यक्षले माननीय गृह मन्त्री बालकृष्ण खांणलाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) विधेयक, २०७९ माथिको दफावार छलफल सदनमा गरियोस्” भन्ने प्रस्ताव पेश गर्न समय उपलब्ध गराउनुभएपछि माननीय मन्त्रीले उक्त प्रस्ताव पेश गर्नुभयो ।

तदुपरान्त सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुभई सर्वसम्मत्तिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

त्यसपछि सम्मानीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) विधेयक, २०७९” माथिको दफावार छलफल शुरु भएको जानकारी गराउर्नुहुँदै उक्त विधेयकमा १२ जना माननीय सदस्यहरुबाट तीन समूहमा संयुक्त संशोधन प्रस्ताव दर्ता हुन आएको व्यहोरा समेत जानकारी गराउनुभयो । साथै उहाँले उक्त विधेयकमा संशोधन प्रस्ताव दर्ता गर्नुहुने संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरु मा.सिंग बहादुर विश्वकर्मा, मा. जयन्ती देवी राई, र मा. देवेन्द्र दाहाललाई क्रमशः आफ्नो संशोधनको प्रस्ताव सहित छलफलमा भाग लिन समय प्रदान गर्नुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “तेजाब तथा अन्य घातक

रासायनिक पदार्थ (नियमन) विधेयक, २०७९" को संशोधन प्रस्ताव सहित विधेयकमाथिको दफावार छलफलमा भाग लिन समय प्रदान गर्नुहुँदा देहायका माननीय सदस्यहरूले उक्त छलफलमा भाग लिनुभयोः

मा. प्रमिला कुमारी
मा. गंगा कुमारी बेलबासे
मा. डा. विमला राई पौड्याल
मा. तुलसा कुमारी दाहाल
मा. अनिता देवकोटा
मा. सुमित्रा बि.सी.

त्यस लगत्तै सम्माननीय अध्यक्षले उक्त छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुहुँदै माननीय गृह मन्त्री बालकृष्ण खांणलाई छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन समय उपलब्ध गराउनुभएपछि माननीय मन्त्रीले जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) विधेयक, २०७९" माथि प्राप्त संशोधन प्रस्तावहरुलाई क्रमशः निर्णयार्थ प्रस्तुत गर्नुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) विधेयक, २०७९" माथि संशोधन पेश गर्ने संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरुको तर्फबाट माननीय डा. बेदुराम भुसाल, माननीय जयन्ती देवी राई, भैरव सुन्दर श्रेष्ठलाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिने चाहना भएमा उक्त संशोधन प्रस्ताव फिर्ता लिन समय प्रदान गर्नुहुँदा माननीय सदस्यहरूले आ-आफ्नो प्रस्ताव फिर्ता लिनुभएकोले निर्णयार्थ पेश गरिरहनु नपरेको जानकारी गराउनुभयो ।

त्यस लगत्तै सम्माननीय अध्यक्षले विधेयकको दफा २ देखि ३७ सम्मका दफाहरु प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) विधेयक, २०७९ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) विधेयक, २०७९" को अङ्ग बनेको घोषणा गर्नुभयो ।

तदुपरान्त सम्माननीय अध्यक्षले विधेयकको प्रस्तावना र नाम देहाय बमोजिम पढेर सुनाउनुभयोः

"प्रस्तावनाः तेजाब तथा अन्य घातक रासायनिक पदार्थको उत्पादन, निकासी, पैठारी, भण्डारण, ओसार पसार, बिक्री वितरण, प्रयोग तथा त्यस्तो पदार्थको विसर्जन गर्ने कार्यलाई नियमन गरी मानव तथा जीवजन्तुको स्वास्थ्य र अन्य जैविक वा गैरजैविक वस्तुलाई पर्ने प्रतिकूल प्रभावलाई निवारण गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, संघीय संसदले यो ऐन बनाएको छ ।

संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।"

त्यसपछि सम्माननीय अध्यक्षले "तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) विधेयक, २०७९ को प्रस्तावना र नाम विधेयकको अंग बनाइयोस्" भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्नुहुँदा उक्त प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्नुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले माननीय गृह मन्त्री बालकृष्ण खांणलाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव पेश गर्ने समय उपलब्ध गराउनुभएपश्चात माननीय मन्त्रीले उक्त प्रस्ताव पेश गर्नुभयो ।

त्यस लगत्तै सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्नुहुँदा उक्त प्रस्ताव सर्वसम्मतिले परित भएको घोषणा गर्नुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **२०७९ साल असार २३ गते बिहीबार अपराह्न २:१० बजे** बस्ने गरी सो बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(डा. भरतराज गौतम)
संघीय संसदको महासचिव